(कथा)

# अथाह स्थिति

-उज्ज्वल जी.सी.

अफिसमा केही कर्मचारीहरुको बढुवा भएकोले उषाको मुहार ज्यादै मलिन देखिएको छ । अरुबेला हाकिम साहेबसँग जिस्कने आँखाहरु आज आँसुले टन्न भरिएर टोलिन थालेका छन् । सबै साथीहरुको बढुवा भई बिना कारण उनको मात्र रोकिन जानुले मनभित्र गहिरो पीडाहरु छाएको मौन आँखामा प्रष्ट देखिन्छन् । भनसुन र चाकडीको सूत्र प्रयोग गर्न पनि उषा अरु कुनै कर्मचारीभन्दा कम थिइन । हाकिमलाई खुसी बनाउन लाए अह्राएको जुनसुकै कामकाज पनि ऊ लगनशीलताकासाथ गर्थी । अझ कुनैबेला आफ्नो नरम पिठिउँतिर हाकिमले हात बिसाउँदा समेत कुनै असजिलो संकेत प्रकट नगरी हाँसेरै नै स्वीकार्थी । उनको कमजोरी अर्थात् अवगुण भन्नुमा एउटै थियो - 'जुन हाकिमको मातहतमा बसी काम ग-यो , उसको गुणगान जपि अरुको चुक्ली लगाउने ।'

वास्तवमा भन्ने हो भने चाकडी र चुक्लीकै भरमा उनले दुई-तीनजना आफ्ना नातेदारलाई अफिसमा घुसाई सकेकी छ । हाकिम साहेबको 'मुड'लाई विश्लेषण गर्न पोख्त भएकीले 'कुन समयमा कस्तो काम पट्याउने' भन्ने राम्ररी थाहा थियो-उनलाई । आफ्नो स्वार्थपूर्तिका लागि हाकिम सामु कुनैबेला घरका दुःखेसोहरु पोख्दै रुनु र कहिले इज्जतको सीमाबाट दुई फड्को मारी जिस्कनु उनको लागि स्वाभाविक थियो । जे होस्, जुनसुकै परिस्थितिमा पनि ढल्किदिन सक्ने क्षमता भएकोले समय-समयमा अफिसमा हुने ककटेल पार्टीमा रक्सीको साथ उषाको हृदयस्पर्शी मुस्कान आवश्यक पर्थ्यो-हाकिम साहेबहरुलाई ।

घरको आर्थिक अवस्था ज्यादै दयनीय भएकोले उषालाई आफ्ना दुईजना छोराछोरीको पढाइ शुल्क र लुगाफाटाहरु समेत टार्न पुग्दैनथ्यो- मासिक तलबले । त्यसैले उनी हरसम्भव हाकिमकै खेलौना बनी आफ्ना समस्या समाधान गर्ने प्रयत्न गर्थी । जागिरे लोग्ने भए पनि उनलाई कुनै आड भरोसा थिएन । लोग्नेसँग महिनावारी तलब लिनुको सट्टा उल्टो समय-समयमा बीस,तीस रुपियाँ अफिस जाने बेला खर्च दिनु पर्थ्यो उनले । जतिसुकै सम्झाए,बुझाए पनि रक्सी पिउने आदतलाई उनको लोग्नेले छोड्न सकेको थिएन । सधैं बेलुकी १०/११ बजे रक्सीले धर्मरिँदै आउने क्रमले वाक्क भएर उषाले लोग्नेलाई मर्यादाको रेखाबाट धेरै तल राखिसकेकी थिई । त्यसैले अफिसमा हाकिमको नजिक बनेर दुई पैसा आम्दानी गर्न उनलाई लोग्नेको कुनै संकोच लाग्दैनथ्यो । हुन त थुप्रै कर्मचारीले भित्रभित्र उनको बारेमा नाना थरिका कुराकानी गरेर पनि खुल्लारुपमा दोषहरु औंल्याउने कसैको हिम्मत थिएन । उनको विरोधमा दुई शब्द मात्र हाकिमले सुने भने भोलि जागिरको म्याद समाप्त हुन्छ भन्ने त्रासलाई सबैले ज्यूँदो बनाएर राखेका थिए । त्यति हुँदाहुँदै पनि उषाको बढुवा रोकिनु एउटा आश्चर्यको विषय बनेको थियो-अफिसका सारा कर्मचारीलाई । उनको बढुवा किन कसरी भएन भनेर सबैले आ-आफ्ना तर्क दिन्थे । कसैले-"नक्कली सर्टिफिकेट भएकोले बढुवा भईन" भन्ने अनुमान लगाउँथे त कसैले- "शक्तिको पुजारी मात्र भएर के गर्नु ? कुन कुराले हाकिमको चित्त दुखाई मोरीले ? तर जे होस् बढुवा भएको भए राम्रै हुन्थ्यो " भन्थे । आ-आफ्नो अड्कल सबैको थियो तर यथार्थको धरातल भेट्टाउन कसैले सकेका थिएनन् ।

००　　　　००　　　　००　　　　००

छातीमा पीडा बोकेर केही दिन बिताइ उषाले । हाकिम साहेब विगतमा भन्दा अझ राम्रो व्यवहार गर्थे उनीसँग । आफ्नो बढुवा नहुनुको कारण सोद्धा-" कुरा धेरै गहिरो छ । तिमीले अझै बुझेकी छैनौ । चूप लागेर बस न केही महिना !" भन्ने जवाफ आउँथ्यो-हाकिम साहेबको । त्यसैले तथ्य कुरा थाहा पाउन उनी एक साँझ हाकिम साहेबको घरमा पुगि- पन्ध्र सय पर्ने ब्लयाक लेवलको बोतल लिएर ।

शनिवारको दिन भएकोले हाकिम साहेब रक्सीको चुस्कीमा लट्ठ परेर बसिरहेका थिए । बेलुकाको समय रक्सी बोतल सहित उषाको आगमनले उनलाई एकछिन 'दिन हो वा रात हो' भनेर पत्तो भएन । दुई हातको नमस्ते खाने बित्तिकै उनले भने- "ओ हो ! उषा ! यतिबेला आयौ तिमी । के काम प-यो त्यस्तो ? "

सोह्र वर्षे युवतीले जस्तो औंला टोक्दै उषाले भनि-" नआएर के गर्नु त ? मलाई छोडेर सबैलाई बढुवा गरिबक्स्यो हजुरले ! मैले पनि त अरुले जत्तिकै कामकाज गरेकी थिएँ । हजुरको सेवा गरेकी थिएँ ।"

"मैले तिमी काम गर्दिनौ भनेर भनेको छु र ?

"त्यसो भए किन मेरो मात्र बढुवा रोकियो त ?

"तिमीलाई त म धेरै बुद्धिमानी सम्झन्थे । तर तिम्रो कुरा सुनेर त मेरा सोचाइ झुठा रहेछन् जस्तो पो लाग्यो । मेरो लागि तिमी कहिल्यै टाढा हुन्छयौ र ? आजसम्म मैले तिमीलाई के के गरेँ के के गरिन सोच त । "

"मैले पनि हजुरले केही गरिबक्सेन भनेर कहाँ भनेकी छु र ? बढुवाजस्तो कुरा रोकिएपछि दुःख त लागिहाल्छ नि हजुर !"

रक्सीको घुट्को निल्दै हाकिम साहेबले पुनः भन्न थाले- " ठीक छ । दुःख लाग्छ । यस्तो कुराले धेरैलाई दुःख लाग्छ । तर तिमी आफै सम्झ न ! मैले किन गरिन भनेर । आजभन्दा झण्डै तीन,चार महिना अगाडि यही सोफासेटमा तिमी र म गफ गरिरहेको बेला अफिसको ध्रुवबहादुरले देखेको थियो कि थिएन ? अब तिमी आफै भन- एउटा सानो स्टाफले तिम्रो र मेरो व्यक्तिगत कुराकानी एउटै सोफामा बसेर गरेको देख्छ भने, तेसले के भन्ठान्ला ? तिम्रो पनि बढुवा भएको भए,अवश्य तेसले तिम्रो र मेरो सम्बन्धलाई अफिसमा फुक्दै हिँड्थ्यो । अनि अरु कर्मचारीले मलाई के भन्थे ? तिमीलाई के भन्थे ? भन त ! त्यसैले चार,पाँच महिना चूप लागेर बस । म ध्रुवबहादुरलाई बाहिर सरुवा गर्ने पक्षमा छु । तेसको सरुवा भएको केही दिनमै म तिम्रो बढुवा गराई दिउँला, भयो अब । "

हाकिम साहेबको तर्क सुनेर उषा झसङ्ग भई । धेरै दिनदेखि भोगिरहेको अथाह स्थितिबाट मुक्त भएकोमा उनलाई क्षणिक खुशीको अनुभूति पनि भयो । 'केही महिनाभित्रै बढुवा हुने अभिलाषाको साथसाथै ध्रुवबहादुरले भोलि बढुवा भएपछि इज्जतमा धब्बा लगाई दिने हो कि ?' भन्ने त्रास बोक्दै उषा हाकिम साहेबसँग बिदा भएर रातको आठ बजे आफ्नो घर फर्की ।